# नेपाल राष्ट्र बैंक
## राष्ट्रऋण व्यवस्थापन विभाग
## थापाथली, काठमाडौं

**<u>२०७४ वैशाख ५ गते बोलकबोल मार्फत विकास ऋणपत्र २०७९ “ख” बिक्री गरिने सम्बन्धी सूचना</u>**

नेपाल सरकारको तर्फवाट नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागद्वारा देहायका विशेषता, प्रक्रिया एवम् शर्तहरु सहित ५ वर्ष अवधिको “विकास ऋणपत्र २०७९“ख” बोलकबोल प्रक्रियाद्वारा निष्कासन गरिने भएको हुँदा उक्त ऋणपत्र खरिद गर्न इच्छुक बैक तथा वित्तीय संस्था, गैर–बैक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था लगायत नेपाली नागरिकले तल उल्लिखित मिति र समयभित्र बोलकबोल पेश गर्नुहुन अनुरोध छ ।

### १. विशेषताहरु

| | | | |
|---|---|---|---|
| (क) | ऋणपत्रको नाम | : | “विकास ऋणपत्र २०७९”ख” (५ वर्ष) । |
| (ख) | निष्कासन हुने रकम | : | रु. ६ अर्ब (छ अर्ब रुपैयाँमात्र) । |
| (ग) | ब्याज दर (Coupon Rate) | : | बोलकबोलको माध्यमवाट निर्धारण हुने । |
| (घ) | खरिदकर्ता | : | बैक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिक । |
| (ङ) | धितोको रुपमा प्रयोग हुने | : | यो ऋणपत्र धितो राखी कर्जा लिन/दिन पाइने । |

### २. बोलकबोल, निष्कासन, सांवा तथा ब्याज भुक्तानी

| | | | |
|---|---|---|---|
| (क) | बोलकबोल मिति र समय | : | २०७४ वैशाख ५ गतेका दिन अपरान्ह ३:०० बजेसम्म बोलकबोल हुने । ऋणपत्र खरिद गर्न चाहनेले उक्त समयभित्र URL http:// obss.nrb.org.np/pd को online bidding system software मार्फत मात्र बोलकबोल पेश गर्नुपर्ने । |
| (ख) | निष्कासन मिति | : | २०७४ वैशाख ६ गते । |
| (ग) | साँवा भुक्तानी मिति | : | २०७९ वैशाख ६ गते । |
| (घ) | ब्याज भुक्तानी | : | अर्धवार्षिक रुपमा हुने र आर्जित ब्याजमा ब्याजकर लाग्ने । |

### ३. प्रतिस्पर्धी तथा अप्रतिस्पर्धी बोलकबोल

| | | | |
|---|---|---|---|
| (क) | सहभागिता | : | इच्छुक खरिदकर्ता प्रतिस्पर्धी वा अप्रतिस्पर्धी रुपमा सहभागी हुन सक्ने । |
| (ख) | छुट्टाईएको रकम | : | प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरुलाई क्रमश: निष्कासित रकमको ८० र २० प्रतिशत अर्थात रु.४८० करोड र रु.१२० करोड छुट्याइएको । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरुलाई बिक्री गरिने । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्याइएको रकमभन्दा बढी |

| | | | |
|---|---|---|---|
| | | | रकमको बोल प्राप्त हुन आएमा बोलवालाहरुलाई समानुपातिक रुपमा उक्त ऋणपत्रको रकम बाँडफाँट गरिने । |
| (ग) | ब्याजदर र बाँडफाँट | : | बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठुलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको Cut-Off ब्याजदरलाई एकल ब्याजदर कायम गरी सोही एकल ब्याजदरमा सो ब्याजदर र .सो ब्याजदरभन्दा मुनीका सबै बोलवालाहरुलाई ऋणपत्र उपलब्ध गराईने । |

## ४. शर्तहरु

| | | | |
|---|---|---|---|
| (क) | खरिद गर्न पाउने सीमा | : | घटिमा रु. पचास हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. पचास हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा । |

(ख) यो ऋणपत्र खरीदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । यस बैंकबाट इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका वित्तीय संस्थाले अप्रतिस्पर्धीको रुपमा भाग लिन पाउने छैनन् ।

(ग) प्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम र कबोल गर्न चाहेको ब्याजदर (दशमलव पछाडि दुई अंकसम्म मात्र) उल्लेख गर्नु पर्नेछ । ईच्छुक बोलवालाले बहु-ब्याजदरमा समेत बोल गर्न सक्नेछन् ।

(घ) अप्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकममात्र उल्लेख गर्नु पर्नेछ । प्रतिस्पर्धी बोलकबोलवाट निर्धारित एकल ब्याजदरमा अप्रतिस्पर्धी बोलवालालाई उक्त ऋणपत्र बिक्री गरिनेछ ।

(ङ) नेपाल राष्ट्र बैंकमा खाता नभएका बोलवालाहरुले आफूले खरिद गर्न चाहेको रकमको २.५० प्रतिशतले हुने अर्नेष्टमनि वापतको रकम यस बैंकमा रहेको खाता नं. १२००००/०१५-११५-५२४ मा जम्मा गरेको सक्कल भौचर यस विभागमा २०७४ वैशाख ५ गते दिनको ३:०० बजेभित्र पेश गर्नु पर्नेछ ।

(च) नेपाल राष्ट्र बैंकमा खाता भएका बोलवालाहरुले उक्त अर्नेष्टमनी वापतको रकम आ-आफ्नो खातामा मौज्दात कायम गर्नु पर्नेछ ।

(छ) व्यक्ति बोलवाला भएको खण्डमा अर्नेष्टमनी जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाणपत्रको छविचित्र साथमा लिई यस विभागमा आई Online Bidding System मार्फत बोलकबोल गर्नु पर्नेछ ।

(ज) यस बैकमा खाता नहुने सफल बोलवालाले निष्कासन मिति २०७४ वैशाख ६ गते दिनको २:०० बजेभित्र यस बैकमा रहेको खाता नं. १२००००/०१५-११५-५२४ मा बाँकी रकम जम्मा गरेको भौचर यस विभागमा पेश गरी सक्नु पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी वापतको रकम जफत हुनेछ ।

(झ) अस्वीकृत बोलवालाहरुको अर्नेष्टमनी वापतको रकम यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता हुनेछ ।

(ञ) प्राप्त बोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस बैंकको खुला बजार संचालन समितिलाई हुनेछ ।

(ट) यस ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मार्फत मात्र हुनेछ ।

(ठ) अन्य थप जानकारीको लागि यस विभागको फोन नं.०१-४१०१७१२ वा ४१०१७३९ मा सम्पर्क राख्न हुन अनुरोध छ ।

*मिति : २०७३/१२/३१*